मिति २०७९/२/१२ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. धन्यवाद ज्ञापन सम्बन्धमा ।

२. योजना कार्यान्वयन सम्बन्धमा ।

३. स्वास्थ्य शिविर संचालन गर्ने सम्बन्धमा ।

४. नगरपालिकाको आफ्नो लोगो निर्माण गर्ने सम्बन्धमा ।

५. १२ कक्षा सम्मको शुल्क नि:शुल्क गर्ने सम्बन्धमा ।

६. नि:शुल्क एम्बुलेन्स सेवा संचालन गर्ने सम्बन्धमा ।

७. ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई सम्मान गर्ने सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/१/३० गते भएको स्थानीय तह सदस्यहरुको निर्वाचन सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने मतदाता, सुरक्षा कर्मी, शिक्षक, कर्मचारी, उमेदवार, पत्रकार, स्वदेश तथा विदेशमा रहने आम नगरवासीलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाबाट वजेट विनियोजन भई कार्यान्वयन तथा फरफारक गर्न बाँकी रहेका योजनाहरु समयमै कार्यान्वयन गरी फरफारक गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हर्ट फन्डेसन नेपाललाई यस नगरपालिका क्षेत्रमा स्वास्थ्य शिविर संचालन गर्न अनुमती दिने र उक्त शिविर संचालन गर्न आउने टिमको खाना, बास तथा यातायात खर्च नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको पहिचान झल्कीने लोगो निर्माण गरी कार्यान्वयनमा ल्याउन लोगोको डिजाईन गरी आगामी बैठकहरुमा ल्याई सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र अध्ययन गर्ने विद्यार्थीहरुको लागि १२ कक्षा सम्मको शुल्क नि:शुल्क गर्ने । सो को लागि कार्यविधि बनाई सोही बमोजिम कार्यान्वनय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र गर्वभवती, सुत्केरी महिला तथा विरामीहरुको लागि नि:शुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउन २ वटा एम्बुलेन्स खरिद गर्ने । नगरपालिका र मातहतका निकायमा मौजुदा रहेको एम्बुलेन्स समेतको अवस्था विश्लेष गरी कार्यविधि बनाई क्लस्टर विभाजन गरी संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाका ८४ वर्ष उमेर पुगेको जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाठको उपलक्ष्यमा सम्मान स्वरुप रु २५०००।- कार्यविधि बनाई उप

लब्ध गराउने निर्णय गरियो ।

आजको बैंठक सर्व सम्मत निर्णय गरियो ।

**मिति २०७९/२/१५ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. विभिन्न समिति गठन सम्बन्धमा ।

२. प्रदेश लोकसेवा आयोगमा सैद्धान्तिक सहमती माग गर्ने सम्बन्धमा ।

३. वजेट तर्जुमा सम्बन्धमा ।

४. सुझाव कार्यान्वयन समबन्धमा ।

५. प्रशासनिक इकाई माग गर्ने सम्बन्धमा ।

६. मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धमा ।

७. गाडी खरिद गर्ने सम्बन्धमा ।

८. स्वास्थ्य इकाइमा दरवन्दी माग गर्ने सम्बन्धमा ।

९. सुरक्षित आवास सम्बन्धमा ।

१०. सडक हेरालु राख्ने सम्बन्धमा ।

११. वजेट विनियोजन सम्बन्धमा ।

१२. प्रबक्ता तोक्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम हाललाई निम्न समितिहरु गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

**पूर्वाधार विकास समिति**

संयोजक :- मान बहादुर नेपाली

सदस्य :- ऋषि बहादुर रेश्मी

सदस्य :- मान बहादुर सिंजापती

सदस्य सचिव :- योजना शाखा प्रमुख

**सामाजिक विकास समिति**

संयोजक :- दामोदर अधिकारी

सदस्य :- भिम बहादुर के.सी.

सदस्य :- विष्णु भट्टराई

सदस्य सचिव :- शिक्षा शाखा प्रमुख

**संस्थागत विकास र सुशासन समिति**

संयोजक :- गंगा थापा

सदस्य :- चोप बहादुर घर्ति मगर.

प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- देविराम घिमिरे

सदस्य सचिव :- प्रशासन शाखा प्रमुख

**वातावरण तथा विपद् व्यवस्थापन समिति**

संयोजक :- पुष्पा गाहा

सदस्य :- राम बहादुर गोर्खा

सदस्य :-दुर्गा बहादुर वि.सी.

सदस्य सचिव :- स्वास्थ्य शाखा प्रमुख

**आर्थिक विकास समिति**

संयोजक :- बोम बहादुर वि.क.

सदस्य :- नवराज भुसाल

सदस्य :- चिन्तराज अधिकारी

सदस्य सचिव :- आर्थिक प्रशासन शाखा प्रमुख

**विधायन समिति**

संयोजक :- चन्द्रमणी बेल्वासे

सदस्य :- केशव प्रसाद बेल्वासे

सदस्य :- दामोदर न्यौपाने

सदस्य सचिव :- प्रमुख प्र.अधिकृत

**लेखा समिति**

संयोजक :- रुक बहादुर आले

सदस्य :- चुरा बहादुर वि.क.

सदस्य :- कमला परियार

सदस्य सचिव :- आर्थिक प्रशासन शाखा प्रमुख

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

संयोजक :- नगर उप- प्रमुख

सदस्य :- विषयगत क्षेत्र हेर्न का.पा. सदस्य

सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव :- योजना शाखा प्रमुख

**स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

संयोजक :- नगर प्रमुख

सदस्य :- उप-प्रमुख

सदस्य :- हेमकला वि.क.

सदस्य :- भिम बहादुर के.सी.

सदस्य :- दामोदर न्यौपाने

सदस्य :- रुक बहादुर आले

सदस्य सचिव :- प्रमुख प्र.अधिकृत

**राजश्व परामर्श समिति**

संयोजक :- नगर उप-प्रमुख

सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- मान बहादुर सिंजापती

सदस्य :- गंगा थापा

सदस्य :- उद्योग वाणिज्य संघको नगर स्तरीय अध्यक्ष वा प्रतिनिधि

सदस्य :- घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको नगरस्तरीय अध्यक्ष वा प्रतिनिधि

सदस्य सचिव :- राजश्व शाखा प्रमुख

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, ( मस्यौदा) नगरसभाबाट स्वीकृत गर्ने प्रयोजनार्थ सैद्धान्तिक सहमतीको लागि प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तर्जुमा गर्ने सन्दर्भमा सम्बन्धित समितिका बैठकहरु बसी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३२३ मिति २०७९/२/९ गतेको पत्रसाथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३४६९२ मिति २०७९/२/५ गतेको पत्र आजको बैठकमा जानकारी भयो । उक्त पत्रमा उल्लेखित अनुदान दिने सम्बन्धमा दिइएको सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय शासन प्रणाली लागु भएतापनि अर्घाखाँची जिल्लाको आधा भू-भाग ओगटेको यस नगरपालिकाका जनता नागरिकता, पासपोर्ट, शान्ति सुरक्षा, जग्गा रजिष्ट्रेशन लगायतका अत्यावश्यक सुविधाको लीग जिल्ला सदरमुकाम जानु पर्ने वाध्यता यथावत रही रहेकाले ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय स्थापनाको लागि गृह मन्त्रालय र कृषि तथा भूमिसुधार

मन्त्रालयमा अनुरोध गर्ने । साथै उक्त कार्यको लागि नगरपालिकाबाट डेलिगेसनको रुपमा जाने समेत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०७८/१२/७ को कार्यापालिकाको बैठकबाट मध्यमकालिन खर्च संरचना निर्माण गर्ने निर्णय गरिएकोमा हाल नयाँ जनप्रतिनिधिहरु निर्वाचित भई आएकोले पुन:अभिमुखिकरण सहित मध्यमकालिन खर्च संरचना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भौगोलिक रुपमा ठूलो नगरपालिका विभिन्न कार्यको अनुगमन लगायतको कार्यमा नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालयका अन्य कर्मचारीहरु समेत खट्नु पर्नेमा हाल मौजुदा २ वटा गाडी र हाल रहेका मो.सा.हरुको प्रयोगबाट मात्र कठीनाई भई अनुगमन लगायतको कार्यमा प्रभावकारी हुन नसकी रहेकोले १ वटा गाडी तथा आवश्यक्ता अनुसार मो.सा. चालु आ.व.मा बचत हुने जनुसुकै शिर्षकबाट भएपनि खरिद गरी कार्यलाई थप प्रभावकारी बनाउन गाडी खरिद गर्ने । साथै नगरपालिकाको आफ्नै श्रोतबाट खरिद गरिने भएकोले अर्थ मन्त्रालयमा गाडी खरिद गर्न सहमती समेत माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भौगोलिक रुपमा ठूलो नगरपालिका भएको र नगरपालिकाको संरचना समेत नयाँ भएको हुँदा प्रत्येक वडामा एक/एक न्यूनतम स्वास्थ्य इकाई स्थापना र स्वास्थ्य इकाईमा कर्मचारीको लागि दरवन्दी समेत माग गर्ने । साथै यस नगरपालिकाको वडा नं. ३ मा रहेको एक मात्र प्राथमिक स्वास्थ्य इकाईमा एक्सरे/ भिडियो एक्सरे गर्ने कर्मचारी नभएकोले सो कार्यको लाग समेत दरवन्दी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सुरक्षित आवस कार्यक्रमका विषयमा छलफल भयो । चालु आ.व.मा कार्यान्वयनको लागि बजेट विभियोजन भएको तर कार्यान्वयन अगाडी नवढेकोले निर्णय अनुसार सुरक्षित आवस कार्यक्रम समयमै कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाका तपशिबमोजिका प्रमुख सडकहरुमा वर्षा याममा समेत यातायात संचालन तथा बाटोको संरक्षणको लागि निम्न बमोजिमका हेरालुहरु मिति २०७९ जेष्ठ २० गते देखि मिति २०७९ भाद्र मसान्त सम्म राख्ने र हेरालुलाई प्रतिदिन रु ५२०।- का दरले ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

१. हर्रे सिद्धारा प्रहरी चौकी सडक हेरालु १ जना ।

२. धानखोला करमगैरा लामिदमार सडक हेरालु २ जना ।

३. ठाडा अमराई जुकेना देउराली ऐरावती (पतञ्जली मार्ग), वडा नं. ४, ५, ६ मा १/१ जनाका दरले हेरालु ३ जना ।

४. भेडामारे सिमलपानी पावर विक्रम सडकमा भेडामारे सिमलपानी खण्डमा १ जना र सिमलपानी पावरा सडक खण्डमा २ जना गरी हेरालु ३ जना ।

४. सितापुर सुवर्णखाल मन्द्रे नेटापोखरा सडक हेरालु १ जना ।

५. चाक्ला गल्दा जुकेना सडक हेरालु १ जना ।

६. देउराली जलुके सडक हेरालु १ जना

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाका केही योजनाहरु चालु आ.व मा नै कार्यान्वयन गर्नु पर्ने बाध्यात्मक अवस्था रहेकोले निम्न योजना कार्यान्वयनको लागि चालु आ.व.को विभिन्न कार्यक्रम म्याचिङ्ग शिर्षकमा रहेको रकमबाट कार्यान्वयन गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१. वडा नं. ९ का विभिन्न स्थानमा ट्रान्सफरमर राख्ने मुर्चा निर्माण रु १ लाख

२. वडा नं. १३ का विभिन्न स्थानमा ट्रान्सफरमर राख्ने मुर्चा निर्माण रु ५० हजार

३. वडा नं. १४ का विभिन्न स्थानमा ट्रान्सफरमर राख्ने मुर्चा निर्माण रु ५० हजार

४. खैरेनी तल्ला छहरे मोटर बाटो रु १ लाख

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाका निर्णय लगायतका विषयहरु सार्वजनिक गर्न वडा नं. १४ का वडा अध्यक्ष दामोदर न्यौपानेलाई नगर प्रवक्ता तोक्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।